मिर्चैया नगरपालिका
Mirchaiya Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
मिर्चैया, सिरहा, मधेश प्रदेश (नेपाल)
Mirchaiya, Siraha, Madhesh Province (Nepal)

पत्र संख्या: २०८३/०८४
चलानीनंबर/Dispatch No.:
मिति: २०८३।०६।०९

# प्रेस विज्ञप्ति

**पुराना तथा प्रयोगमा नआएका छपाई फाराम तथा कागजात व्यवस्थापन सम्बन्धी भ्रमपूर्ण सूचना प्रकाशन/प्रसारण सम्बन्धमा ।**

मिर्चैया नगरपालिकाको जिन्सी स्टोरमा लामो समयदेखि मौज्दात रहेका पुरानो ढाँचामा छपाइ भई प्रयोगमा नआएका, विवरण नभरिएका, खाली तथा हाल कार्यालयको प्रयोजनमा आवश्यक नरहेका विभिन्न छपाइ फाराम तथा कागजातहरू सम्बन्धमा सामाजिक सञ्जालमा फोटो तथा भिडियोसहित विभिन्न किसिमका सूचना तथा सामग्रीहरू प्रकाशन/प्रसारण भइरहेको सम्बन्धमा नगरपालिकाको ध्यानाकर्षण भएको छ।

उक्त विषयमा स्पष्ट गर्न चाहन्छौं कि नगरपालिकाको जिन्सी स्टोरमा रहेका ती कागजातहरू **पुरानो ढाँचामा छपाई भएका, विवरण नभरिएका, खाली तथा प्रयोगमा नआएका अप्रयोग्य छपाई फाराम तथा कागजातहरू** हुन्। र उक्त कागजातहरु भविष्यमा पनि कुनै प्रयोजनमा प्रयोग गर्न नमिलने साथै हाल नगरपालिकाबाट उक्त फारम सम्बन्धी सेवाहरू अनलाइन प्रणालीमार्फत सञ्चालन हुँदै आएको अवस्थामा ती पुराना फाराम तथा कागजातहरू कार्यालयको प्रयोजनका लागि आवश्यक नरहेको अवस्था छ।

नगर कार्यपालिकाको निर्णयअनुसार काम नलाग्ने तथा प्रयोगमा नआउने अवस्थामा रहेका उक्त पुराना छपाइ फाराम तथा कागजातहरूको व्यवस्थापन गरिएको हो। उक्त क्रममा कुनै पनि सेवाग्राहीको व्यक्तिगत विवरण, भरिएका अभिलेख, महत्वपूर्ण कार्यालय अभिलेख वा प्रयोगमा रहेका कागजातहरू नष्ट गरिएको नभई **पुरानो ढाँचामा छपाइ भएका, खाली तथा प्रयोगमा नआएका कागजातहरू मात्र व्यवस्थापन गरिएको** व्यहोरा स्पष्ट गरिन्छ।

यस विषयको वास्तविकता नबुझी वा अपूर्ण जानकारीका आधारमा फोटो तथा भिडियोहरू सामाजिक सञ्जालमा राखी गलत, भ्रामक वा भ्रम सिर्जना हुने किसिमका सूचना तथा सामग्रीहरू प्रकाशन/प्रसारण गर्दा आम नागरिकमा अनावश्यक भ्रम उत्पन्न हुन सक्ने भएकाले सम्बन्धित सबैलाई यस्ता सामग्री प्रकाशन तथा प्रसारण गर्नुअघि सत्य तथ्यको यथार्थता पुष्टि गरी मात्र प्रकाशन गर्न नगरपालिकाको अनुरोध छ।

२०८३/०६/०९
प्रमुख प्रशासकीय अधिकृत

मिर्चैया नगरपालिका
Mirchaiya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
मिर्चैया, सिरहा, मधेश प्रदेश (नेपाल)
Mirchaiya, Siraha, Madhesh Province (Nepal)

पत्र संख्याः २०८३/०८४

चलानीनंबर/Dispatch No.:

मितिः २०८३।०६।०९

सामाजिक सञ्जालमा सार्वजनिक भएका फोटो तथा भिडियोका आधारमा मात्र विषयवस्तुको वास्तविकता निष्कर्ष निकाल्नुभन्दा सम्बन्धित कार्यालयबाट आधिकारिक सूचना तथा जानकारी लिनसमेत नगरपालिकाको आग्रह छ। साथै, गलत वा भ्रामक सूचना सम्प्रेषण भएको पाईएमा त्यस्ता सामग्री सच्याई हटाउन तथा आगामी दिनमा तथ्यहीन र भ्रम सिर्जना गर्ने किसिमका सामग्री प्रकाशन/प्रसारण नगर्न सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

यस विषयमा सामाजिक सञ्जालमा सार्वजनिक भएका फोटो तथा भिडियोका आधारमा मात्र कुनै निष्कर्षमा नपुग्न तथा वास्तविक अवस्था र विषयवस्तुको यथार्थ जानकारी लिएर मात्र धारणा बनाउन नगरपालिकाको सम्बन्धित सबैमा अनुरोध छ। कागजात व्यवस्थापनसम्बन्धी कार्यलाई हाल यथास्थितिमा राखिएको व्यहोरा समेत यसै प्रेस विज्ञप्तिमार्फत जानकारी गराईन्छ।

यस विषयमा वास्तविक अवस्था हेर्न तथा बुझ्न इच्छुक व्यक्ति, सञ्चारकर्मी, सरोकारवाला तथा सम्बन्धित सबैलाई नगरपालिकासँग समन्वय गरी स्थलगत रूपमा वास्तविक अवस्था अवलोकन तथा जानकारी लिनसमेत हार्दिक अनुरोध गरिन्छ।

मिर्चैया नगरपालिकाको कार्यालयीय अभिलेख तथा कागजातको व्यवस्थापनमा प्रचलित कानुन, नियम, निर्णय तथा कार्यालयको प्रक्रियाको पालना गर्दै पारदर्शी र व्यवस्थित रूपमा कार्य गर्न प्रतिबद्ध रहेको व्यहोरा समेत यसै प्रेस विज्ञप्तिमार्फत जानकारी गराईन्छ।

२०८३/०६/०९

केशव प्रसाद रिजाल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत